# मेलम्चीमा २०७८ सालमा आएको बाढी र यसले पारेको प्रभाब
# ।

१.आर्थिक प्रभाब

२.सामाजिक प्रभाब

३.सांस्कृतिक क्षेत्रमा परेको प्रभाब

४.भौगालिक तथा बातावरणीय प्रभाब

५.मनोबेज्ञानिक प्रभाब

# आथिक अवस्था

## पहिले

मेलम्ची तटीय क्षेत्र, उत्पादनको हिसावले अत्यन्त उर्बर भूमि हो । यहाँ तीन कमाइ हुन्छ । दुइ कमाइ धान र एक कमाइ सामान्यतया गहुँको उत्पादन हुन्छ । यहाँको धानचामल काठमाण्डौका धनाध्यहरुलाइ बिक्री गर्ने र हिंउदे धानको चामल आफुले प्रयोग गर्ने चलन थियो । छोराछोरीको पठन पाठनको खर्च पर्च,चाडवाड तिथी सराद्द चलाउने देखि कतिपयले राम्रो बचत समेत गर्ने गरेका थिए । किसानहरुको मुख्य पेशा भनेकै पसुपालन हो । यहाँका किसानहरुले पनि गाइ भैंसी बाख्रापालन परम्परा देखि गर्दै आएका थिए । गाइभैंसीको दुध बेचेर राम्रो आम्दामी हुने गरेको थियो । यसको अलवा खसी, बाख्रा, पाडा बाच्छा बिक्री गरेर र व पनि कमाइ हुन्थयो । भुकम्प पछि घरहरुको पुर्ननिर्माण गर्न लागेको ऋणको भारी तिरेर सकिएको छैन ।

# अहिले

- तीन कमाइ उत्पादन हुने ती खेतहरु अहिले बगरमा परिणत भएको छ । नदीको सतह सरदर २० फिट बढेको छ । बगर समथर भएकाले जतासुकैबाट नदी बग्ने गरेकाले बाँकी रहेका केही घरगोठहरु,चौतारो र बाटोघाटो समेत बगाउँदै छ । बाँकि रहेका रुख बिरुवाहरु सबै बगाएर हरियाली समाप्त हुँदैछ । गाई भैंसी बाख्रा पालन व्यवसायहरु बन्द भएका छन । पसुहरुका लागि आवश्यक पर्ने अन्न तथा घाँसपरालको अभावमा पसुपालन बन्द भएको हो । यसबाट बाढीपडितहरु पुर्णतः बेरोजगार भएका छन । बाढीले घर बगाएर लगे पछि पुःन ऋणको बोझ थपिएको छ ।

# सामाजिक अवस्था

## पहिले

नदीको तटीय क्षेत्रमा घरहरु र घरका नजिक गोठहरु थिए । बस्तिको नजिक पसल तथा बजाहरु समेत थियो । गाईबस्तुहरुको चरन क्षेत्र, पानी,घट्ट पानीघाट, र निकासहरुहरु थियो । एउटै समुदायका मानिसहरु बिशेष गरि आफ्ना दाज्युभाइहरुको एकै ठाउमा बसोवास थियो । एक आपसमा सहयोगको आदान प्रदान हुने गर्दथ्यो ।

# अहिले

घर बस्तिहरु बगाए पछि बसोवासको संरचनामा परिवर्तन आएको छ । पहिलेको घरबस्तिरु छरिएका छन । बसोवासको संरचनामा समेत परिवर्तन आएको छ । यसले भटघाट र आपसी सम्वन्धमा समेत प्रभाब परेको छ ।

# सांस्कृतिक क्षेत्रमा परेको प्रभाव

## पहिले

मेलम्ची नदी र शाखा नदी जोडीएका संगम स्थलहरु अधिकाशं ठाउँहरुमा दाहा संस्कार गर्ने घाटहरु थिए । ती घाटहरु पछिल्लो समय निकै ब्यवस्थित पनि भै सकेको थियो । छाना सहितको दाहा संस्कार स्थलहरु निर्माण भएका थिए त्यसका आसपासपासमा मलामीहरु बस्ने पाटीहरुको निर्माण भएका थियो । ती पाटी पौवाहरु सबै सार्बजनिक स्थलहरुमा बनेका थिए र ति पाटीहरुमा दाउरा खाख्ने समेत गरिन्थ्यो । घरमा बर्षेनि हुने तिथी श्राद्द पुजा आजामा आफ्नै खेतीबाट उत्पादित बस्तुहरु प्रयोग हुन्थ्यो । धानचामल लगायतका अन्न तथा फलफुलहरु, मास मस्याङ लगायत गेडागुडीको प्रयोग गरेको थियो । आफ्नै गोठमा पालिएका गाइ भैंसीको दुधको प्रयोग गर्दा शुद्दताको सन्तुष्टि मिल्थ्यो

# अहिले

मेलम्ची आसपासका दाहासंस्कार स्थल तथा पाटीपौवाहरु समेत सबै बाढीले बगाएको छ। दाहासंस्कार गर्ने स्थल नहुँदा जहाँ पायक पर्छ त्यँहि संस्कार्नु पर्ने अवस्था छ। बाढी ठुलो आयो भने खोला कताबाट जान्छ भन्ने ठेगान नहुँदा लासै बगाउला भन्ने डर हुन्छ। मलामी रुझेर बस्नु पर्ने र दाहासंस्काकारका लागि आवश्यक पर्ने दाउरा समेत राख्ने ठाउको अभाब छ। बाढी पछि मेलम्ची क्षेत्रमा साँस्कृतिक रितीथितिमा समेत प्रभाव परेको छ। आफ्नो कमाईको अन्न तथा गेडागुडी र फलफुल अहिले हुँदैन ति सबै किनेर प्रयोग गर्ने कुरा सँगै सुद्दता र बिश्वसनियतामा समस्या परेको देखिन्छ।

# भौगोलिक तथा बातावरणीय प्रभाव

## पहिले

मेलम्ची नदी बढिमा १०० मि.चौडाइमा बहन्थ्यो । नदी हरेक बर्ष गहिरंदै गएको थियो । मेलम्ची र इन्द्रावती नदीको संगम भन्दा तलतिर एक दर्जन ठुला ठुला क्रसरहरु संचालित भएकाले नदी हरेक बर्ष गहिरींदै गएको थियो । यसले प्रत्यक बर्ष नदीको चौडाइ साँगरिंदै गएको थियो । त्यसको आसपास रुख बोटबिरुवा खेतीपाती सहितको हरियाली थियो ।

# अहिल

नदीको आसपासका बस्ति तथा खेतबारीहरु बगाएको छ । नदीको आसपासको खेतीयोज्ञ जमिनहरु बगरमा रुपान्त्रण भएको छ । रुख बोट बिरुवाहरु बगाएको र खेती नहुँदा हरियाली नष्ट भएकाले तातो सुख्खा हावा बहन थालेको छ । पानीको मूलहरु सुकेका छ्न यसले चिस्यान हराएर गर्मि बढ्दै गएको छ ।

# मनोबैज्ञानिक प्रभाव

पहिले

नेपालमा आएको २०७२ सालको महाभुकम्प पश्चात पक्कि घरहरु बनेका थिए । त्यति बेला बनेका गाइ भैंसीका गोठहरुको पुर्ननिमाण भेसकेको थियो । भुकम्पकाकारण गोठहरुमा किचिएरु धेरै पसुधनको क्षेती भएता पनि पछिल्लो समय सम्म आइपुग्दा गाइ भैंसी बाख्रापालन गर्ने कार्य पु:न शुरु भैसकेको थियो । घर नजिककै खेतबारी थियो र ति खेतबारीको उत्पादनले खानलाउन र घर खर्च चलाउने सक्ने अवस्था थियो ।

# अहिले

ति भुकम्प पछि बनेका घरहरु भत्किएकाले नयाँ घर फेरी बनाउन पर्‍यो । यसले पुरानो ऋणको बोझमा झनै बोझ थपिएको छ । धान चामल देखि तरकारीहरु सबै किनेर मात्र खान पाउने अवस्था छ । पसुपालन तथा खेतीपाती नहुँदा बेराजगार हुन परेकाले मानशिक तनाव बढ्दै गएको देखिन थालेको छ ।

# अहिले मेलम्चीमा के हुँदैछ ?

बाढीबाट बिस्थापीत बजारको पुर्नस्थापना हुन सकेको छैन । ५ वटा मोटरेवल पुलहरु बगाएकोमा जम्मा दुईवटा अस्थाइ पुलहरु बनेका छन । बाढीले पुरेको मेलम्ची बजारको गिटी बालुवा ढुँगा त्यहाँबाट हटाए पछि बजार संचालनमा आएको छ । बाँकि चनौटे ग्याल्थुम,किउल लगायतका बजारहरुको पुर्नस्थापना हुन सकेको छैन । अस्थाइ घरहरु बसोवास गरिरहेका बाढीपडितहरु मध्य कतिपयको अहिले पनि घर बन्न सकेको छैन । घडेरीको अभाबका कारण घरहरु बनाउन नपाएको कुरा बताउछन पिडीतहरु । चरम बेरोजगारी बढेको छ यसमा कोही कसैको ध्यान जान सकेको छैन । यसले आर्थिक समस्या र मानशिक तनाब बढ्दोछ । नदी नियन्त्रण तथा ब्यवस्थापनमा २०७८ को बाढी भन्दा यता १ अरब भन्दा बढि खर्च भैसकेको भएता पनि यसको प्रभाबकारीता खासै देखिएको छैन ।

# अब के गर्नु पर्छ ?

१.मेलम्ची उपत्यका बिकास परियोजाना :

मेलम्ची उपत्यकाको बिकास र पुर्नस्थापनाकालागी एक द्वार प्रणालीको बिकास गर्नु पर्छ । यसकालागी मेलम्ची उपत्यका बिकास परियोजना(बिकास प्राधिकरण) निर्माण गर्नु पर्छ ।

१.१ प्राधिकरणले बृहद बिकास परिदृष्य सहितको परियोजना निर्माण गर्नु पर्छ ।

१.२ बस्ति पुर्नस्थापनाको योजना बनाउनु पर्छ ।

१.३ जग्गा सट्टा भर्ना ऐन बनाएर नदीको जग्गा सरकारले लिएर अन्यत्र खेतीयोज्ञ जमिन जनतालाइ उपलब्ध गारउने योजना बनाउनु पर्छ ।

१.४ आयआर्जनको अल्पकालिन र दिर्घकालिन योजना बनाएर जनतालाइ स्वरोजगार बनाउनु पर्छ ।

# पहिलेको दृष्य



# पहिलेको दृष्य



# बाढी आउदा २०७८ अवस्था





# बाढी आउदा २०७८ अवस्था






# स्थानिय द्वारा रोकथामको प्रयास



# अहिले





# यस वर्षको बाढीको प्रभाव



